नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं नेपाल

फोन नं. ४२५३३९५, ४२५३३९६

प.सं.

च.नं.

मितिः........................

## राशन बन्दोबस्तीको सामानहरु खरिदको लागि बोलपत्र आब्हानको सूचना

सुचना नं. Sukraraj/005/078/79

प्रथम पटक प्रकाशित मिति २०७८।०९।२१

यस शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको चालु आ. व. ०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत अस्पताललाई आवश्यक पर्ने राशन बन्दोबस्तीको सामानहरु खरिद गर्नको लागि योग्यता पुगेका इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, सप्लायर्स (व्यवसायी) हरु बाट निम्न शर्तहरुको अधिनमा रही वोलपत्र आव्हान गरिएको छ।

१. वोलपत्रको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र रु. ३०००।— (फिर्ता नहुने गरि) यस अस्पतालको काउन्टरमा जम्मा गरेको सक्कल रसिद, राशन बन्दोबस्तीको सामानहरु विक्री वितरण तथा आपूर्ति गर्न पाउने गरि नविकरण भएको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र तथा आ.व. ०७७/०७८ को कर चुक्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपी वा करमा विवरण पेश गरेको कागजातको प्रतिलिपि निवेदन साथ संलग्न राखि यस अस्पतालबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरेको वोलपत्र रित पूर्वक भरि प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ. दिनको १२ वजे भित्र यस अस्पतालमा दर्ता गराई सक्नु पर्नेछ ।दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २.०० वजे वोलपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । निजहरु उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. वोलपत्र विक्री गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलि पल्ट वा कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिने छ ।

४. वोलपत्रदाताले कवोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी प्रष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ र केरमेट वा थप घट गर्नुपर्ने भएमा बुझिने गरि काटी दायाँ वाँया आधिकारीक व्यक्तिको सही र फर्मको छाप लगाएको हुनुपर्ने छ । साथै वोलपत्रको जम्मा कवोल अंक समेत अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ।

५. वोलपत्र जमानत/ वापत वोलपत्र दाताले वोलपत्र खोल्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको तपसिलमा उल्लेख भए अनुसारको रकमको वैंक जमानत (विड बण्ड) पेश गर्नुपर्ने छ । नगद बुझाउन चाहने दरभाउपत्र दाताले को. ले. नि. का, त्रिपुरेश्वरको नाममा रा. वा. वैंक टेकू शाखामा यस कार्यालयको कोड नं ३७००१३५०६ धरौटी हि.नं. १७००१००१०२०३०००० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६.आपूर्ति हुने रासनको म्याद कम्तीमा २ बर्ष वा Manufacturing date बाट Expiry date कम्तीमा ८०% वाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएका सामानहरु, सडेगलेका, टुटफुट भएका, म्याद नाघेका, कमसल सामानहरु स्वीकार गरिने छैन, साथै आपूर्ति हुने राशनहरु गुणस्तर प्रमाण प्राप्त भएको हुनु पर्नेछ ।

७.आपूर्ति भएका राशन बन्दोबस्तीको सामानहरु संझौता भएपछि २०७९ पौष मसान्तसम्म सप्लाई गर्नुपर्नेछ ।

८. नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका वोलपत्र आंशिक वा पूर्ण स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा रहने छ ।साथै बोलपत्र संझौता पश्चात आ. ब. ०७९/७० को पौष मसान्त पछि थप सामान आबश्यक परेमा कबोल दर रेटमा माग भएका सामानहरु आपूर्ति गर्नु पर्ने छ ।

Scanned with CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं नेपाल

फोन नं. ४२५३३९५, ४२५३३९६

प.सं.

च.नं.

मितिः...........................

९. वोलपत्र साथ वोलपत्रदाता दाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, खरीद कार्यमा आफ्नो स्वार्थ नवाझीएको र पेशा सम्वन्धि कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा व्यक्त गरेको घोषणा कागजात अनिवार्य रुपमा सही छाप भएको हुनुपर्ने छ ।

१०. आपूर्ति भएका राशन बन्दोबस्तीको सामानहरु सामानहरुको गुणस्तरको चेक जाँच अस्पतालबाट गठित प्राविधिक बाट हुने छ। संझौता अनुसार सामान गुणस्तरीय रहेको प्राबिधिक रिपोर्ट प्राप्त भएपछि मात्र स्विकार गरि भुक्तानी गरिनेछ ।

११. रित नपुगेको, म्याद नाघी आएको, सही छाप नभएको, केरमेट भै अंक र अक्षर नवुझिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. यस सूचनामा नपरेका कुराहरु बोलपत्र फारम तथा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३), नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

| ठे. नं. | कामको विवरण | वोलपत्रको जमानत रु. | वोलपत्र दस्तुर रु. | वोलपत्र खरिद गर्ने अन्तिम मिति | वोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| ०५/०७८/०७९ | राशन बन्दोबस्तीको सामानहरु | १,१२,०००/- | ३,०००/- | २०७८।१०।२० गते | २०७८।१०।२१ गते दिउसो १२.०० वजे |

निर्देशक
डा. मनिषा रावल

Scanned with CamScanner